आज मिति २०७६।०३।११ गतेका दिन यस चौदण्डीगढी नपा॰ नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको नियमित बैठक तपसिलको उपस्थितिमा बसियो।

तपसिल, उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देवनारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कुमारी कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर - ,, ,,
१५. श्री मदन कुमारी कार्की - ,, ,,
१६. श्री विमला राई - ,, ,,
१७. श्री डोमा शेर्पा - ,, ,,
१८. श्री अस्मिता नेपाली - ,, ,,
१९. श्री प्रमिला दनुवार - ,, ,,
२०. श्री सुन्दर प्रकाश साह - ,, ,,
२१. श्री शिव प्रसाद ढुमेगाई - प्रमुख प्रशासकिय अधिकृत
२२. श्री बालकृष्ण आचार्य - सि.लेखापाल
२३. श्री नेत्र ब॰ वि.क. - इ.-

प्रस्तावहरु (१) पर्यटन वर्ष २०२० को कार्यक्रमको प्रमुख अतिथिको

२. सार्क गेममा स्वर्णपदक प्राप्त गर्ने खेलाडी सम्मान सम्बन्धमा।
३. चौदण्डीगढी साइकल सिटी बेल्यारको माग सम्बन्धमा।
४. चौदण्डीगढी संरक्षण तथा पर्यटन व्यवस्थापन समितिको माग सम्बन्धमा।
५. मगर भुम्यास्थान निर्माण व्यवस्थापन तथा संचालन समितिको माग सम्बन्धमा।
६. KOICA Volunteer माग गर्ने सम्बन्धमा।
७. हेम कुमारी राईको घरभाडा सम्बन्धमा।

Scanned by CamScanner

८. योजना संशोधन सम्बन्धमा ।
९. वडा नं. ६ को कल्डु चौधरीको माग सम्बन्धमा ।
१०. किरात राई साँस्कृतिक कलाकार संघको माग सम्बन्धमा ।
११. टोलाविकास संस्थाहरुको क्षमता विकासको लागी तालिम संचालन बारे ।
१२. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
१३. आगलागी पिडितलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।
१४. तथ्यांक कार्यालय उदयपुरको प्राप्त पत्र सम्बन्धमा ।
१५. गौरि गोसाई पशुपालन कृषक समुहको माग सम्बन्धमा ।
१६. प्रा० स्वा० के० को माग सम्बन्धमा ।
१७. गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागी सुपरिवेक्षक र गणक नियुक्ति बारे ।
१८. एम्बुलेन्स र शववाहन खरिदको लागी भन्सार छुटको सम्बन्धमा ।
१९. म अघी बढ्छु कार्यक्रमको नगर स्तरीय समन्वय तथा सहजीकरण समिति बारे ।
२०. ऐलानी जग्गा विवरण संकलन भोलेन्टीयरको सम्बन्धमा ।
२१. निर्माण इजाजत दिने सम्बन्धमा । (२२) भ्रमण स्वीकृति लिने सम्बन्धमा ।
२४. गोबरग्यास प्लान्ट सम्बन्धमा । (२३) भगवती मन्दिरको लागी रकम दिने सम्बन्धमा ।

छलफल तथा निर्णयहरु

नि. नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल भ्रमण बर्ष २०२०को शुभारम्भको दिन यस न.पा.को पूर्व निर्णय अनुसार मिति २०७६।०९। १६ गते (January 1st 2020) को दिन चौदण्डीगढी दरबारमा संचालन हुने कार्यक्रममा तपसिल अनुसार अतिथिहरु निमन्त्रणा गर्ने निर्णय गरियो ।

तपसिल

१. प्रतिनिधिसभा सदस्य माननीय प्रमिला राई - प्रमुख अतिथि
२. उदयपुर जिल्ला भरिका प्रदेश सभा सदस्यज्यूहरु - विशेष अतिथि
३. उदयपुर जिल्ला स्थित सम्पूर्ण कार्यालय प्रमुखहरु - विशेष अतिथि
४. ८ वटै पालिकाका प्रमुख तथा उपप्रमुखहरु - विशेष अतिथि
५. जिल्ला भरका गैरसरकारी संघ संस्था, नगर स्तरीय संघ संस्था, नगर मातहत संचालित सरकारी निकायहरु, पत्रकार लगायत नगरवासी नागरिकहरु अतिथि । जिल्ला, क्षेत्र र स्थानीय राजनीतिक दलका प्रमुखहरु अतिथि ।

साथै उक्त दिन सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा नगरवासी नागरिकहरुको उपस्थितिमा कार्यक्रम संचालन हुने भएको हुँदा उक्त १ दिनको लागी नगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपालको काठमाण्डौं, पोखरा र जनकपुरमा संचालन भएको १३ औं सार्क गेममा नेपालको राष्ट्रिय टिममा पर्न सफल भई विभिन्न पदक समेत प्राप्त गर्न भएका यस उदयपुर जिल्लामा स्थायी बसोबास भएका तपसिल अनुसारका खेलाडीहरूलाई तपसिल अनुसार नगद पुरस्कार सहित सम्मान गर्ने साथै खेल प्रशिक्षकहरूलाई समेत सम्मान गर्ने निर्णय गरियो ।

## तपसिल

| सि.नं | खेलाडीको नाम थर | बाबुको नाम | आमाको नाम | ठेगाना | खेलको विधा | प्राप्त गरेको पदक | पुरस्कार रकम |
|---|---|---|---|---|---|---|---|
| १ | अनुपमा मगर | नारद बा. मगर | वेध कुमारी मगर | कटारी न.पा. ५, लेखानी | कराते | स्वर्ण | ५३,५००।- |
| २ | संगिता मगर | ऋषिराज मगर | मञ्जु मगर | बेलका न.पा.१ तपेश्वरी | कराते विधाको टिम कॉता | स्वार्ण | ५३,०००।- |
| ३ | पर्वत गुरुङ्ग | देव बहादुर गुरुङ्ग | नरमाया गुरुङ्ग | चौ.न.पा.६ | प्रशिक्षक ह्याण्डबल | रजत | ४०,०००।- |
| ४ | विन्दा कुमारी थापा | दिल बहादुर थापा | सीता माया थापा | चौ.न.पा.७ | सहायक प्रशिक्षक ह्याण्डबल | रजत | ४०,०००।- |
| ५ | पार्वती राई | प्रताप बा. राई | इच्छादेवी राई | चौ.न.पा.६ | सहायक प्रशिक्षक कबडी | रजत | ४००००।- |
| ६ | प्रतिक्षा मगर | कुमार बा.मगर | केशर करमारी राई | कटारी न.पा. ६, रिस्कु, सुघारे | बास्केटबल | रजत | ४०,०००।- |
| ७ | हिरा कुमारी भुजेल | शेर बा. भुजेल | दिल कुमारी भुजेल | कटारी न.पा. ५, भोर्ले | महिला फुटबल | रजत | ४०,०००।- |
| ८ | दिपा राई | ध्रुब राज राई | माया राई | बेलका न.पा.४ | महिला फुटबल | रजत | ४०,०००।- |
| ९ | बन्दना राई | नीर विक्रम राई | शुशिला राई | चौ.न.पा.७ | महिला ह्याण्डबल | रजत | ४०,०००।- |
| १० | कबिता राई | बालध्वज राई | तारा राई | चौ.न.पा.६ | महिला ह्याण्डबल | रजत | ४०,०००।- |
| ११ | निशा राई | तिर्थराज राई | शान्ति राई | चौ.न.पा.६ | महिला ह्याण्डबल | रजत | ४०,०००।- |
| १२ | बबिता श्रेष्ठ | मुकेश कुमार श्रेष्ठ | बुद्धलक्षी श्रेष्ठ | चौ.न.पा.७ | महिला ह्याण्डबल | रजत | ४०,०००।- |
| १३ | रञ्जना राई | बयान बा. राई | सरस्वती राई | चौ.न.पा.७ | महिला ह्याण्डबल, टिम क्याप्टेन | रजत | ४०,०००।- |
| १४ | संगिता राई | स्व.धन प्रसाद राई | विष्णु कुमारी राई | चौ.न.पा.३ | भारोत्तोलन | कास्य | २७,०००।- |
| | | | | | | जम्मा | ५,७४,०००।- |

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भको दिन (जनवरी १) चौदण्डीगढी साइकल सिटी बेल्टारको साइकलिङ टोली साइकल र्‍याली सहित चौदण्डीगढी आने भएको हुँदा उक्त साइकल सीटीको माग अनुसार यस न.पा.को अन्य खेलकुद कार्यक्रम खर्च शीर्षक बाट तपसिल अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

## तपसिल

१. बिमा खर्च रु. ६०००।-
२. जर्सी छपाई खर्च रु. ३६,५००।-
३. विविध खर्च रु. ६५,०००।-

जम्मा रु. १,०८,५००।-

Scanned by CamScanner

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा चौदण्डीगढी संरक्षण तथा पर्यटन व्यवस्थापन समितिले नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भको दिन चौदण्डीगढीमा आयोजित कार्यक्रमको लागि विभिन्न शीर्षकमा खर्च माग गरेको हुँदा उक्त शीर्षकका खर्चहरू मध्ये अतिआवश्यक शीर्षकका खास खास शीर्षकहरूको बिल रकम आवश्यकता अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

नोट :- मिति २०७६।०६।१३ गते ^का^ जिल्ला पत्रकार महासंघ, स्थानीय पत्रकारहरूलाई समेत उपस्थित गराई न.पा.को पर्यटन वर्ष २०२० को कार्यक्रम बारे ~~[illegible]~~ ^पत्रकार सम्मेलन^ गराउने ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा मगर भुम्यास्थान निर्माण व्यवस्थापन तथा संचालन समितिको माग निवेदन अनुसार माघे संक्रान्ति पर्व मनाउनको लागि यस न.पा.को आदिवासी – जनजाति शीर्षकमा विनियोजित रकम बाट रु.१००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को लागि Rural ~~[illegible]~~ Development को क्षेत्रमा काम गर्ने KOICA Volunteer माग गर्नको लागि संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय वैदेशिक सहयोग समन्वय शाखामा अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा साबिक बेल्टार खानेपानी हाल न.पा. बाट संचालन भई रहेको र उक्त खानेपानीको कार्यालय चौ.न.पा. ७ बस्ने हेम कुमारी राईको घरमा घरभाडा गरी संचालन गरिएको हुँदा निजको घरको मिति २०७४।१।१ देखी मिति २०७४।८।३० सम्मको मासिक रु-२०००।- का दरले हुने जम्मा रकम रु. १४,०००।- न.पा. को घरभाडा शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को १० वटै वडाबाट योजना तथा कार्यक्रम र बजेट संशोधनको लागि सिफारिस भई आएको हुँदा उक्त संशोधन गर्नु पर्ने योजनाहरू विशेष नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ९ बस्ने कस्तु चौधरी अपाङ्ग भएको साथै विपन्न भएकोले यस न.पा.को अपाङ्ग शीर्षकको रकमबाट सिरक डस्ना, न्यानो कपडा तथा पौष्टिक खाना हरू समेत उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा किरात राई सांस्कृतिक कलाकार संघको माग निवेदन अनुसार उक्त संघ द्वारा आयोजित "किराती संस्कृती हाम्रो शान संरक्षण र सम्वर्द्धन हाम्रो अभियान" साइतिको ५ औं राष्ट्रिय सम्मेलनको लागि न.पा.को आदिवासी-जनजाति शीर्षकमा विनियोजित रकम बाट रु. ३०,०००।- उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नपा.का १० वटै वडामा ~~[illegible]~~ गठन भएका १६३ वटै टोल विकास संस्थाहरुको क्षमता विकासको लागि संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षहरुका लागि अभिमुखिकरण तालिम संचालन गर्ने निर्णय गरियो।

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नपा.को विभिन्न वडा बाट विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग माग भई आएको हुंदा तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. भक्त बहादुर कार्की वडा नं. १० (मुटुरोगी) रु. १०,०००।-(पुष्प कार्की हस्ते)
२. लोक बहादुर खड्का क्षेत्री वडा नं. ५ (मृगौला) रु. (ठेगाना थाहा नभएको)
३. केशर बहादुर बस्नेत वडा नं. ५ (मुटु अप्रेशन) रु. ५०,०००।-
४. भक्त बहादुर बिष्ट वडा नं. १० (मुटु रोगी) रु. १०,०००।-
५. धन बहादुर परियार वडा नं. ७ (ढाडको हड्डी खौंचिएको) रु. २०००।-
६. श्याम कुमार बस्नेत वडा नं. ८ (पित्तथैलीमा पत्थर भएको) रु. ५०,०००।-
७. विजय राई वडा नं. ३ (मृगौला) रु. ५०,०००।-
८. लक्ष्मी परियार वडा नं. २ (पाठेघरको अप्रेशन) रु. २०००।-
९. समिर उदास वडा नं. ७ (AML) रु. ५०,०००।-
~~१०. अन्नपूर्ण न्यौपाने~~
१०. दिपक भन्ने दिपानाथ तिम्सिना वडा नं. ७ (JBS) रु. ५०,०००।-
११. राम अवेध प्रसाद चौधरी वडा नं. ५ (मुटु) रु. ५०,०००।-

Scanned by CamScanner

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा आगलागी बाट पूर्णरूपमा घर जलेर घरबार विहिन भएका तपसिल अनुसारका व्यक्तिहरुलाई यस न.पा.को विपद् राहत कोष संचालन कार्यविधि अनुसार घर निर्माणको लागी तपसिल अनुसार आर्थिक - सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. राम माया राई वडा नं. ८ रु. २००,०००।-

२. कुसुम पाण्डे (खड्का) वडा नं. १० रु. ३००,०००।-

नि.नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा तथ्यांक कार्यालय उदयपुरको च.नं.११७ मिति २०७६।०८।११ गतेको प्राप्त पत्र अनुसार राष्ट्रिय जनगणना २०७८ को तयारीको लागी संचालन हुने तालिम केन्द्र यस न.पा.को वडा नं. ६ बेल्टारमा रहेको ज्योति ~~माता~~ मा.वि. बेल्टार लाई तालिम केन्द्र तोक्ने निर्णय गरियो ।

नि.नं.१५ प्रस्ताव नं.१५ माथि छलफल गर्दा गौरि गोसाई पशुपालन कृषक समुह हडियाको माग सम्बन्धमा थप छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

नि.नं.१६ प्रस्ताव नं.१६ माथि छलफल गर्दा प्राथमीक स्वास्थ्य केन्द्र बेल्टारको माग निवेदन अनुसार तपसिल अनुसारका कार्यहरु गर्ने - निर्णय गरियो ।

तपसिल

१. ओ.पि.डि. पुर्जा छपाई ।

२. चिकित्सक माग - १ (न.पा. बाट १ जना फिजिसियन डा. राख्ने)

३. न.पा.मा नगर प्रहरीको नियुक्ति पश्चात १ जना गार्ड उपलब्ध गराउने)

नि.नं.१७ प्रस्ताव नं.१७ यस न.पा. अन्तर्गतका गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि सुपरिवेक्षक - २ जना करार सेवामा नियुक्ति गर्ने सम्बन्धीको ७ दिने सूचना कुनै एक स्थानीय दैनिक पत्रिकामा प्रकाशन गर्ने निर्णय पारित - गरियो ।

Scanned by CamScanner

निं.नं.१८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस न.पा.को लागि आवश्यक एम्बुलेन्स – १ थान र शववाहन – १ थान खरिद गर्नुपर्ने भएको हुँदा उक्त दुवै सवारी साधनको भन्सार छुटको लागि सम्बन्धीत निकायमा आवश्यक कागजात पठाउने अनुरोध गर्ने निर्णय गरियो। साथै सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले समेत यस न.पा. लाई १ थान एम्बुलेन्स उपलब्ध गराउने भएको हुँदा उक्त एम्बुलेन्सको लागि समेत भन्सार छुटको लागी सम्बन्धीत निकायहरुमा माग गर्ने निर्णय गरियो। साथै जनता संग उपमेयर कार्यक्रम तर्फ विनियोजित रकम बाट सववाहन खरिद गर्ने निर्णय गरियो।

निं.नं.१९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा सगरमाथा टेनिस क्लब (STC) संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को बुँदा नं.१३ अनुसार म आधि बढछु कार्यक्रमको लागी तपसिल अनुसार नगर स्तरीय समन्वय तथा सहजीकरण समिति गठन तथा पदस्थापन गर्ने निर्णय गरियो।

तपसिल

१. नगर प्रमुख – श्री खगेन्द्र राई – (नगर प्रमुख) अध्यक्ष
२. उपप्रमुख – श्री रिता कुमारी चौधरी – सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत – श्री शिव प्रसाद दुमेगाई – सदस्य
४. सामाजिक समिति संयोजक – श्री परशुराम राई – सदस्य
५. शिक्षा समन्वय इकाई प्रमुख – श्री राजेश्वर कुवर – सदस्य
६. पालिका स्तरीय बालसंजाल – श्री
७. ,, ,, ,, – श्री
८. किशोर किशोरी समूहबाट – श्री
९. मनोसामाजिक कर्ता – श्री रिता थापा – सदस्य
१०. लागू औषधी विरुद्धको अभियान्ता – श्री बुद्ध राई – सदस्य
११. विद्यालय मध्येबाट – श्री युवराज कट्वाल – सदस्य
१२. महिला संजाल बाट – श्री कृष्णा बस्नेत – सदस्य
१३. ज्येष्ठ नागरिक मंचबाट – श्री प्रेम सुवेदी – सदस्य
१४. गाउँस्तरीय रेडक्रसबाट – श्री रविन्द्र राई – सदस्य
१५. उद्योग वाणिज्य संघबाट – श्री पवन कार्की – सदस्य
१६. स्थानीय प्रहरी कार्यालय बाट – श्री ई.प्र.नि. इन्चार्ज क्लेता – सदस्य
१७. लागू औषधि सम्बन्धी खोज पत्रकारिता गर्ने पत्रकार श्री राजेन्द्र दुवै – सदस्य
१८. सामाजिक शाखा प्रमुख श्री सत्य नारायण हुमदार – सदस्य सचिव

Scanned by CamScanner

**नि.नं.२०** प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नपा. द्वारा ऐलानी तथा अव्यवस्थीत बसोबासीहरुको विवरण संकलन भई रहेको र उक्त विवरण संकलन कार्यमा खटिएका भोलेन्टीयर कर्मचारीहरुले अन्तीम चरणमा काम गरिरहेको हुँदा उक्त भोलेन्टीयर कर्मचारी हरुको मिति २०७६ पौष मसान्त सम्म अनिवार्य रुपमा काम सक्ने गरि म्याद थप गर्ने निर्णय गरियो ।

**नि.नं.२१** प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नपा.को वडा नं. ८ मा संचालन हुने गरी दर्ता भई निर्माण इजाजतको लागी यस कार्यालयमा दर्ता हुन आएको बि.एण्ड बि. निर्माण सेवा नामको फर्म लाई यस नपा.को 'घ' वर्गको निर्माण इजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

**नि.नं.२२** प्रस्ताव नं. २२ माथि छलफल गर्दा United Nations — Economic and Social Council (ECOSOC) द्वारा 9th Mar 2020 to 20 Mar 2020 सम्म अमेरिकाको New York मा संचालन हुने Sixty-fourth Session of the Commission the Status of Women (CSW64) कार्यक्रममा सहभागी हुन यस नगरपालिकाका उपमेयर श्री रिता कुमारी चौधरी ज्यू उक्त कार्यक्रममा भाग लिनको लागी आयोजकको तर्फ बाट Confirmation latter प्राप्त हुन आएको हुँदा निजको उक्त कार्यक्रम भ्रमण स्वीकृतिको लागी श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने र निजको उक्त कार्यक्रममा भाग लिनको लागी आतेजाते टिकट लगाएत आवश्यक खर्च यस नपा.को पदाधिकारी अन्य भत्ता शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

**नि.नं.२३** प्रस्ताव नं. २३ माथि छलफल गर्दा वडा नं. १० स्थित प्रहरी चौकीमा निमार्ण हुने भगवती मन्दिरको लागी यस नपा.को विशेष कोष (अन्य कार्यक्रम खर्च) शीर्षक बाट रु.२०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.२४ प्रस्ताव नं. २४ माथि छलफल गर्दा यस गा.पा. को विभिन्न वडाबाट जम्मा ३६ वटा गोबरग्यास प्लान्ट जडान गर्न इच्छुक व्यक्तिहरु बाट अनुदान रकम माग भई आएको हुँदा यस गा.पा. को सशर्त बजेट तर्फ वैकल्पिक उर्जा प्रर्वधन तर्फ ~~बजेट~~ प्राप्त बजेट बाट उक्त माग भई आएका ३६ वटा प्लान्टको लागि आवश्यक फलामे डण्डी र सिमेन्ट खरिद गरि निर्माण स्थल सम्म ढुवानी तथा जडान समेत गर्ने गरी प्रति प्लान्ट बढीमा रु.१५,०००।- (पन्ध्र हजार) का दरले अनुदान रकम उपलब्ध गराउने गरि सो क्षेत्रमा काम गर्ने संघ/संस्था/फर्म तथा कम्पनीहरु सँग खुल्ला दरभाउपत्र माग गरी निर्माणकार्य अगाडी बढाउने निर्णय गरियो।

Scanned by CamScanner